लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100 % Subsidiary of Laxmi Bank Limited)
Reg. No: 1140/065/066

New Baneshwor, Kathmandu, Nepal
PO Box 8449
T 977-1-4780222, 977-1-4781582
F 977-1-4780583
E info@laxmicapital.com.np
w www.laxmicapital.com.np

Reference No : 143(C)
2080/081

## लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८० साल भाद्र १५ गते शुक्रबार बसेको कम्पनीको ८४ औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मितिः २०८० साल आश्विन ७ गते (सेप्टेम्बर २४, २०२३)

स्थानः लक्ष्मी सन्राइज बैंक लिमिटेड, लक्ष्मी कम्प्लेक्स, हात्तिसार, काठमाण्डौ ।

समयः दिनको ठिक ४:०० बजे ।

**छलफलका बिषयहरुः**

(क) **सामान्य प्रस्ताव**

(१) पन्ध्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी स्वीकृत गर्ने ।
(३) आ.व. २०८०/८१ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) आ.व. २०७९/०८० को संचित मुनाफाबाट शेयरधनीहरुलाई कर सहित रु. ३,८२,०६,८००।९७ (अक्षेरुपी रु. तीन करोड बयासी लाख छ हजार आठ सय र सन्तानब्बे पैसा मात्र) बराबरको नगद लाभांश प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव स्वीकृति गर्ने ।

(ख) **विशेष प्रस्ताव**

(१) लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड एक आपसमा गाभ्ने / गाभिने (Merger) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी दिने ।
(२) अन्य ।

Laxmi Capital Market Ltd. लक्ष्मी क्यापिटल मार्केट लि.

आधिकारीक दस्तखत

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

(१) लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ ।
(२) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थित पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ ।
(३) अन्य जानकारकिा लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।
(४) साधारण सभा सम्बन्धी विस्तृत विवरण कम्पनीको web site: www.laxmicapital.com.np मा पनि उपलब्ध छ ।